**संयुक्त प्रेस विज्ञप्ति**

**२३ जेष्ठ २०७८**

**काठमाडौं, नेपाल**

**बाँदरमुढे बम विस्फोटको १६ वर्ष, घटनाका पीडित अझैसम्म न्यायको पर्खाइमा**

चितवन जिल्लाको माडीमा रहेको बाँदरमुढेमा १६ वर्षअघि भएको घटनाका पीडितहरू सरकारले सत्य, न्याय तथा परिपूरणको अधिकार सुनिश्चित गर्ने आशा गरिरहेका छन् । २०६२ जेठ २३ गते माओवादी कार्यकर्ताहरूले सर्वसाधारण नागरिक चढेको सार्वजनिक बसमा विस्फोट गराउँदा ३५ जना सर्वसाधारण र ड्युटीमा नरहेका तीनजना सुरक्षाकर्मीको मृत्यु भएको थियो । घटनामा ७० भन्दा बढी मानिस घाइते भएका थिए र उनीहरू अहिलेसम्म कठोर शारीरिक तथा मानसिक आघातमा छन् र न्यायका लागि प्रतीक्षारत छन् । न्याय नपाइकनै ६ जना पीडितको मृत्यु भइसकेको छ ।

यस सन्दर्भमा एड्भोकेसी फोरम-नेपाल र जवाफदेहिता निगरानी समिति पीडित तथा तिनको परिवारसँग एक्यबद्धता व्यक्त गर्दै घटनाको निष्पक्ष तथा स्वतन्त्र अनुसन्धान गर्न र यस जघन्य अपराधमा संलग्न रहेकाहरूलाई कारवाही गर्न माग गर्दछन् ।

घटनालगत्तै तत्कालीन नेपाल कम्युनिस्ट पार्टी माओवादीका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले एक प्रेस विज्ञप्ति जारी गरी घटनाप्रति क्षमायाचना गर्दै सार्वजनिक माफी मागेका थिए र घटनाको अनुसन्धान गर्ने तथा संलग्न रहेका व्यक्तिलाई दण्ड दिने प्रतिबद्धता व्यक्त गरेका थिए । दाहालले चितवन भ्रमणको क्रममा पटकपटक पीडितहरूलाई क्षतिपूर्तिका अन्य उपायसहित स्वास्थ्योपचार तथा रोजगारीको अवसर उपलब्ध गराउने प्रतिज्ञा समेत गरेका थिए । तर उनका यी प्रतिज्ञाहरूको आजसम्म कार्यान्वयन भएको छैन ।

बाँदरमुढे घटना लगायत द्वन्द्वकालमा भएका ज्यादतीहरूको अनुसन्धान तथा पीडितहरूलाई न्याय दिलाउनका लागि २०७२ सालमा सत्यनिरूपण तथा मेलमिलाप आयोग गठन गरिएको थियो । तर पीडित तथा सरोकारवालाहरुको विश्वसनीयता गुमाएको यस आयोगले ६ वर्षको अवधिमा एउटा पनि मुद्दा छिनोफानो गर्न सकेको छैन ।

बाँदरमुढे घटना राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानूनको गम्भीर उल्लंघन भएको तथ्य एड्भोकेसी फोरम र जवाफदेहिता निगरानी समिति दोहोऱ्याउन चाहन्छन् । यो द्वन्द्वका दौरान कुनै पनि सर्वसाधारणलाई हानी गर्न नहुने मानवीय कानूनको आधारभूत प्रावधानविपरीतको घटना थियो । पीडितलाई न्याय सुनिश्चित गर्नका लागि बारम्बार प्रतिबद्धता व्यक्त गरिएको भए पनि त्यसका लागि सरकार र संक्रमणकालीन न्याय संयन्त्रले कुनै ठोस प्रयास नगरेकोमा एड्भोकेसी फोरम र जवाफदेहिता निगरानी समिति निन्दा गर्दछन् ।

बाँदरमुढे घटनाका पीडितहरूसँग एक्यबद्धता व्यक्त गर्दै एड्भोकेसी फोरम र जवाफदेहिता निगरानी समिति सरकारलाई घटनाको शीघ्र, स्वतन्त्र तथा निष्पक्ष अनुसन्धान गर्न, दोषीलाई कारवाही गर्न, पीडितहरूका आवश्यकतालाई तत्काल सम्बोधन गर्न र न्याय तथा पर्याप्त परिपूरण पाउने पीडितको अधिकार सुनिश्चित गर्न सरकारसँग माग गर्दछन् ।

चरण प्रसाईं
संयोजक
जवाफदेहिता निगरानी समिति

ओम प्रकाश सेन ठकुरी
कार्यकारी निर्देशक
एड्भोकेसी फोरम-नेपा